काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २१९ ❐ शुक्रवार, ८ जेठ, २०८३ ❐ Friday, 22 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

दुई वर्षमा सकिनु पर्ने सडक चार वर्षसम्म अधुरै:

मनसुन अघि ग्राभेल सम्पन्न गर्न दबाब

हालसम्म ६ किलोमिटर क्षेत्रमा ग्राभेल तथा नाला निर्माण सम्पन्न भएको छ भने बाँकी क्षेत्रमा आंशिक काम मात्रै भएको छ। निर्माण कम्पनीले आगामी वैशाख–जेठसम्म आयोजना सम्पन्न गर्ने जनाएको छ।

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ७ जेठ

कर्णाली प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास निर्देशनालयमार्फत निर्माण भइरहेको बड्डीचौर-खम्बागाडे सडक आयोजनाको काम अपेक्षाअनुसार अघि बढ्न नसकेको लामो समय भइसकेको छ। आर्थिक वर्ष २०७९ मा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सम्झौता गरिएको यो आयोजना हालसम्म करिब ४० प्रतिशत भौतिक र ३२ दशमलव ५ प्रतिशत वित्तीय प्रगतिमा सीमित रहेको छ।





निर्देशनालय कार्यालय प्रमुख सूर्यबहादुर शाहीका अनुसार सुरुवाती चरणदेखि नै विभिन्न प्रशासनिक तथा प्राविधिक जटिलताले आयोजना प्रभावित भएको हो। विशेषगरी रुख कटान, भोगाधिकार स्वीकृति, विद्युत् लाइन व्यवस्थापन तथा संघीय तहबाट हुने निर्णय प्रक्रियामा ढिलाइ हुँदा निर्माणले गति लिन नसकेको उनले बताए। उनका अनुसार निर्माण कम्पनीलाई एकपटक म्याद थप गरिसकिएको छ भने अब पुनः म्याद थप गर्ने तयारी भइरहेको छ। गत भदौ महिनामा मात्रै रुख कटानसम्बन्धी सहमति प्राप्त भएपछि निर्माणले पूर्ण रूपमा गति लिएको हो, शाहीले भने, त्यसअघि कानुनी र प्रशासनिक अवरोधका कारण काम प्रभावकारी रूपमा अघि बढ्न सकेन।

सडक निर्माण क्षेत्रमा रहेका विद्युत् पोल तथा केबल स्टे पनि अर्को चुनौती बनेको थियो। १३ किलोमिटर सडक खण्डमा तीन स्थानमा रहेका केबल स्टे अझै पूर्ण रूपमा सार्न बाँकी रहे पनि अधिकांश विद्युत् अवरोध हटिसकेको निर्देशनालयले जनाएको छ।



निर्माण व्यवसायी अनक-जयदेवी जेभीका प्रतिनिधि शंकर रावतले भने पछिल्लो समय निर्माण सामग्रीको मूल्यवृद्धि, इन्धन अभाव, ढुवानी समस्या तथा जनशक्ति अभावका कारण काम प्रभावित भएको बताए। उनका अनुसार बजारमा डिजेल, ढुवानी र निर्माण सामग्रीको मूल्य अत्यधिक बढेकाले काम योजनाअनुसार अघि बढाउन कठिन भएको हो।

हामीले सुरुमा छ किलोमिटरसम्म कालोपत्रे गर्ने तयारी गरेका थियौँ, रावतले भने, तर महँगी, इन्धन अभाव र सामग्री आपूर्तिको समस्याले अहिले प्राथमिकता सडकलाई सञ्चालनयोग्य बनाउनेतर्फ केन्द्रित गरेका छौँ।

उनले खोलाबाट ग्राभेल ल्याउन खोज्दा स्थानीय अवरोधसमेत सामना गर्नुपरेको बताए। दैनिक आवश्यक करिब दुई हजार लिटर डिजेल आवश्यक भए पनि करिब ६ सय लिटर मात्रै उपलब्ध हुँदा भारी उपकरण पूर्ण

बाँकी पृष्ठ २

सुर्खेत विमानस्थलबाट निःशुल्क सटल बस सेवा विस्तार



नेपाल नागरिक उड्डयन प्राधिकरण
Civil Aviation Authority of Nepal
सुर्खेत नागरिक उड्डयन कार्यालय
Surkhet Civil Aviation Office

मिति:२०८३/०२/०७

सूचना ।। सूचना ।। सूचना ।।

यस नागरिक उड्डयन कार्यालयबाट यात्रुहरुका लागि निःशुल्क Suttle Bus सेवा विमानस्थल देखि तिनकुने चोक सम्म संचालन हुँदै आएकोमा उक्त Suttle Bus सेवा मिति २०८३/०२/०८ गते देखि सुर्खेत विमानस्थल देखि कालुन्चोक, घण्टा घर चोक, मंगलगढी चोक हुँदै तिनकुने चोक सम्म संचालन हुने हुँदा सम्पूर्ण यात्रु महानुभावहरुको जानकारीका लागि अनुरोध गरिन्छ ।

हिराजन काफ्ले
विमानस्थल प्रमुख



सुर्खेत विमानस्थलदेखि कालुन्चोक, घण्टाघर चोक, मंगलगढी चोक हुँदै तीनकुने चोकसम्म सञ्चालन हुने हुँदा सम्पूर्ण यात्रु महानुभावहरुको जानकारी लागि अनुरोध गरिन्छ।"

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ७ जेठ

कर्णाली प्रदेशको प्रमुख हवाई प्रवेशद्वारका रूपमा रहेको सुर्खेत विमानस्थलबाट सञ्चालन हुँदै आएको निशुल्क सटल बस सेवा विस्तार गरिएको छ। संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौलाले बिहीबार विमास्थल र सटल बस सेवा अनुगमनपछि यात्रुको सुविधाका लागि सेवा विस्तार गर्न निर्देशन दिएका हुन्।

उक्त निर्देशनपछि सुर्खेत नागरिक उड्डयन कार्यालय अन्तर्गत विमानस्थल प्रमुख हिराजन काफ्लेले निशुल्क सटल बस सेवा विस्तार गरिएको जानकारी दिएका हुन्। उनले बिहीबार नै एक सूचना जारी गर्दै सेवा विस्तार गरिएको जानकारी गराएका हुन्। सुर्खेत नागरिक उड्डयन कार्यालयले जारी गरेको सूचना अनुसार शुक्रबारदेखि निरन्तर विमानस्थलदेखि मुख्य बजार क्षेत्रसम्म यात्रुहरूको सहज आवतजावतका लागि सटल बस सेवा विस्तार गरिएको हो।

विमानस्थल प्रमुख काफ्लेले जारी गरेको सूचनामा भनिएको छ, "यस नागरिक उड्डयन कार्यालयाट यात्रुहरुका लागि निशुल्क सटल बस सेवा विमानस्थलदेखि तीनकुने चोकसम्म सञ्चालन हुँदै आएकोमा उक्त सटल बस सेवा मिति २०८३ /०२/०८ गतेदेखि

सुर्खेत विमानस्थल कर्णाली प्रदेशको पर्यटन, व्यापार तथा प्रशासनिक गतिविधिको प्रमुख हवाई केन्द्रका रूपमा विकसित हुँदै गएको छ। पछिल्लो समय काठमाडौँबाट दैनिक नियमित उडान हुने र कर्णालीका हिमाली जिल्लातर्फ जाने यात्रुहरूको संख्या बढ्दै जाँदा विमानस्थल आसपास यातायात व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको थियो। यही अवस्थालाई सहज बनाउन सटल बस सेवा विस्तार गरिएको पर्यटन मन्त्रालयका सचिव निरौलाले बताएका छन्। उनले भने, "विशेषगरी आन्तरिक हवाई यात्रु, पर्यटक, ज्येष्ठ नागरिक तथा पहिलो पटक सुर्खेत आउने यात्रुहरूलाई लक्षित गर्दै यो सेवा प्रभावकारी बनाउन सञ्चालन रुट विस्तार गरिएको छ। यात्रुहरूले विमानस्थलबाट बजारसम्म पुग्न महँगो निजी सवारी प्रयोग गर्नुपर्ने बाध्यता कम हुने विश्वास हामीले लिएका छौं।"

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरसँग विमानस्थलको पहुँच थप व्यवस्थित हुँदा पर्यटन तथा सेवा क्षेत्रलाई समेत प्रत्यक्ष लाभ पुग्ने स्थानीय व्यवसायीहरूको भनाइ छ।

प्रतिनिधिसभा बैठक मंगलबारसम्मका लागि स्थगित

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ७ जेठ

प्रतिनिधिसभाको बैठक स्थगित भएको छ।

बिहीवार बसेको प्रतिनिधि सभाको बैठकमा विपक्षीको नाराबाजी सदन चलाएका सभामुखले मंगलबारसम्मका लागि बैठक स्थगित गरेका हुन्। सभामुख डीपी अर्यालका अनुसार अर्को बैठक मङ्गलवार जेठ १२ गते ११ बजे बस्नेछ। बिहीवार सदनमा प्रधानमन्त्री बालेन शाह नआएको भन्दै विपक्षीले नाराबाजी गरेका थिए। सभामुखले भेटेर आग्रह गर्दा पनि प्रधानमन्त्री बालेन आउन मानेनन्। विपक्षीहरूको विरोधकैबिच वैकल्पिक विकास वित्त परिचालन विधेयक २०८२ पारित भएको छ। बिहीबारको प्रतिनिधिसभा बैठकमा बहुमतले सो विधेयक पारित भएको हो। अर्थमन्त्री डा. स्वर्णिम वाग्ले सो विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको सभामुख डोलप्रसाद अर्याललले घोषणा गरे। यसअघि संशोधनकर्ताहरूलाई छलफलमा भाग लिन समय दिइएको थियो। रास्वपा सांसद लिमा अधिकारी र गणेश कार्कीले आफ्नो संशोधन फिर्ता लिए। त्यस्तै विपक्षी सांसदहरूले भने छलफलमा भाग लिएनन्। साथै अर्थमन्त्री वाग्लेले संशोधनकर्ताहरूको महत्त्वपूर्ण संशोधन सरकारले स्वीकार गरेको सदनलाई जानकारी गराए।



सम्पादकीय

प्रतिवेदनमै सीमित नहोस्

दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा ठूलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि हुनु नेपालका लागि आशा र सम्भावनाको विषय हो । दशकौँदेखि इन्धन आयातमा निर्भर नेपालले आफ्नै भूमिबाट ऊर्जा स्रोत फेला पार्नु केवल स्थानीय उपलब्धि होइन, राष्ट्रिय आर्थिक रूपान्तरणको आधार बन्न सक्ने संकेत पनि हो । तर यति महत्वपूर्ण परियोजना अहिले सरकारी ढिलासुस्ती, अस्पष्ट कार्ययोजना र निर्णयहीनताका कारण फेरि अन्योलतर्फ धकेलिएको छ ।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा गरिएको अध्ययनले दैलेखमा करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक निष्कर्ष सार्वजनिक गरिसकेको छ । विज्ञहरूका अनुसार यो परिमाणले नेपाललाई ५०/६० वर्षसम्म ऊर्जा आपूर्ति गर्न सक्छ । यदि यो ग्यास व्यावसायिक रूपमा उत्खनन गर्न सकियो भने नेपालले वार्षिक रूपमा विदेशमा खर्च गर्दै आएको अर्बौं रूपैयाँ बचत गर्न सक्छ । खाना पकाउने एलपी ग्यासदेखि उद्योग, सवारी साधन र विद्युत उत्पादनसम्म यसको उपयोग सम्भव छ । यसले ऊर्जा सुरक्षासँगै व्यापार घाटा घटाउन पनि महत्वपूर्ण योगदान दिन सक्छ ।

तर यति ठूलो सम्भावना बोकेको परियोजना दोस्रो चरणमै रोकिएजस्तो अवस्थामा पुग्नु दुःखद हो । पहिलो चरणको अध्ययन सम्पन्न भएर प्रतिवेदन सरकारलाई बुझाइसक्दा पनि अबको परीक्षण र व्यावसायिक सम्भाव्यता अध्ययन सुरू हुन नसक्नुले सरकारी इच्छाशक्तिमाथि प्रश्न उठाएको छ । चीन सरकारसँगको जीटुजी परियोजना भएकाले प्रक्रिया ढिलो भएको तर्क गरिए पनि नेपाल सरकारले यसलाई राष्ट्रिय प्राथमिकतामा राखेर कूटनीतिक र प्रशासनिक सक्रियता बढाउनुपर्ने थियो । तर अहिलेसम्म स्पष्ट समयसीमा र कार्यतालिका सार्वजनिक गरिएको छैन ।

दैलेख र कालिकोटका जनप्रतिनिधिहरूले संयुक्त बैठक गरी परियोजना अगाडि बढाउन दबाब दिनु सकारात्मक संकेत हो । यसले स्थानीय तह पनि अब ऊर्जा विकासको सवालमा सचेत र सक्रिय बनेको देखाउँछ । तर केवल बैठक र घोषणाले मात्र परियोजना अघि बढ्दैन । संघीय सरकारले नीति, बजेट र कार्यान्वयन तहमा स्पष्ट प्रतिबद्धता देखाउनुपर्छ । नेपालले विगतमा पनि धेरै सम्भावना बोकेका परियोजनाहरू ढिलासुस्ती र राजनीतिक अस्थिरताका कारण गुमाएको इतिहास छ । दैलेखको प्राकृतिक ग्यास परियोजना पनि त्यही नियतिमा पुग्न दिनु हुँदैन । ऊर्जा आत्मनिर्भरता,आर्थिक विकास र राष्ट्रिय हितसँग जोडिएको यो परियोजनालाई सरकारले अब अध्ययनको फाइलमा सीमित नराखी कार्यान्वयनको चरणमा पुऱ्याउनुपर्छ । होइन भने प्राकृतिक ग्यासको सम्भावना केवल भाषण र प्रतिवेदनमै सीमित रहने खतरा बढ्दै जानेछ ।

लोकप्रियताभन्दा परिणाममुखी नेतृत्व आवश्यक



✍ सरोज भट्टराई

नेपाल आज एक संवेदनशील ऐतिहासिक मोडमा उभिएको छ, जहाँ जनताको अपेक्षा असाधारण रूपमा उच्च छ तर उपलब्धिहरू अझै अपेक्षाअनुरुप देखिएका छैनन् । यस्तो अवस्थामा वर्तमान नेतृत्व विशेषतः 'बालेन सरकार'प्रति आशा, भरोसा र गम्भीर प्रश्नहरू एकैसाथ उठिरहेका छन् ।

हामी जेनेरेसन 'जी', जसले २०७२ सालतिर 'आई लभ यु केपी बा' र 'सुखी नेपाली, समृद्ध नेपाल' का नाराहरूलाई भविष्यको वाचा ठानेर कलेजका गल्लीहरूमा हिँड्यौँ, आज २०८३ मा आइपुग्दा त्यो सपनाको वास्तविकता कति टाढा रहेछ भन्ने अनुभूति गरिरहेका छौँ । त्यो समयको उत्साह आज यथार्थको कठोर प्रश्नमा बदलिएको छ- के हामी फेरि अर्को लोकप्रिय नाराको चक्रमा फसिरहेका त छैनौँ ? राजनीतिमा लोकप्रियता महत्वपूर्ण हुन्छ, तर त्यो दीर्घकालीन उपलब्धिको विकल्प कहिल्यै हुन सक्दैन । सामाजिक सञ्जालमा भाइरल हुने निर्णयहरू, तुरुन्त ताली पाउने भाषणहरू र भावनात्मक अपिलहरू अल्पकालीन रूपमा आकर्षक देखिए पनि देश निर्माणका लागि आवश्यक पर्ने कुरा भनेको स्थिरता, नीतिगत गहिराइ र दूरदृष्टि नै हो ।

यदि नेतृत्व लोकप्रियताको लहरमै बग्न थाल्यो भने, उसले अवसर र चुनौतीबीचको सन्तुलन गुमाउँछ र अहिले नेपालले यही जोखिमको सामना गरिरहेको छ । पछिल्ला दिनहरूमा देखिएको 'पहिला थुन्ने, पछि सुन्ने' प्रवृत्तिले कानुनी शासनमाथि नै प्रश्न खडा गरेको छ, जसका कारण व्यवसायी समुदाय त्रसित बनेको छ र लगानी वातावरण अस्थिर हुँदै गएको छ ।

विश्व बैंकलगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले पनि नेपालको निजीक्षेत्रको लगानी अपेक्षाअनुसार विस्तार हुन नसकेको र नीतिगत अनिश्चितता यसको प्रमुख कारणमध्ये एक रहेको औँल्याएका छन् । नेपाल राष्ट्र बैंकका सूचकहरूले उद्योग र उत्पादन क्षेत्रको वृद्धि सुस्त रहेको देखाउँछन्, जबकि आयातमा निर्भरता उच्च रहँदै आएको छ । यस्तो संरचनामा लोकप्रिय निर्णयहरू छोटो समयका लागि आकर्षक देखिए पनि दीर्घकालीन रूपमा अर्थतन्त्रलाई कमजोर बनाउँछन् ।

जब नागरिकले राज्यप्रति विश्वास गुमाउँछ, तब विकासका सबै योजनाहरू कागजमै सीमित हुने खतरा हुन्छ । आज धेरै नेपालीहरू परिवर्तनको वाचा सुन्ने मात्र होइन, त्यसको परिणाम देख्न चाहन्छन् । गरिबी घटेको दाबी गरिए पनि यसको गुणस्तरीय पक्ष अझै कमजोर छ; बहुआयामिक गरिबी घटे पनि रोजगारीको गुणस्तर, आयको स्थायित्व र सामाजिक सुरक्षाको पहुँच सीमित छ । अझ गहिरो पीडा सुकुम्बासी समुदायको हो, जसको आँसु कुनै तथ्यांकले पूरा देखाउन सक्दैन । कतिपय स्थानमा संरचनाहरू हटाइएका छन्, तर विकल्पमा पुनर्वासको स्पष्ट र पूर्ण योजना देखिँदैन । अधुरा संरचना भत्किँदा गरिबी घट्दैन, बरु असुरक्षा बढ्छ । त्यसैले सुकुम्बासी समस्या समाधान लोकप्रिय कदमबाट होइन, दीर्घकालीन नीतिगत व्यवस्थापन, भूमि सुधार र सामाजिक न्यायमार्फत मात्र सम्भव हुन्छ। यसैबीच, नेपालको सबैभन्दा गम्भीर संकट बनेको छ युवापुस्ताको विदेश पलायन । पछिल्ला वर्षहरूमा श्रम स्वीकृतिको संख्या हेर्दा वार्षिक ६-७ लाखसम्म युवाहरू वैदेशिक रोजगारीका लागि बाहिरिने प्रवृत्ति देखिएको छ । यो केवल रोजगारीको समस्या होइन, यो विश्वासको गहिरो संकट हो । जब युवाले आफ्नो देशमा भविष्य देख्न छोड्छ, तब राष्ट्रको दीर्घकालीन आधार नै कमजोर हुन्छ । हामी त्यही पुस्ता हौँ, जसले देशमै केही गर्ने सपना देखेका थियौँ, तर आज धेरै साथीहरू विदेश गइसकेका छन् र बाँकी रहेका पनि अवसरको खोजीमा छन् । त्यसमाथि, नेपाल अन्तर्राष्ट्रिय ' ग्रे-लिस्ट'मा परेको अवस्थाले वित्तीय विश्वसनीयता, वैदेशिक लगानी र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष असर पारिरहेको छ । यस्ता सूचकहरूले एउटा स्पष्ट सन्देश दिन्छन् देशलाई लोकप्रियता होइन, सुधार चाहिएको छ; भावनात्मक भाषण होइन, संस्थागत सुदृढीकरण चाहिएको छ ।

अझ अर्को गम्भीर पक्ष जनताको मनोबल घट्दो अवस्थामा हुनु हो । जब नागरिकले राज्यप्रति विश्वास गुमाउँछ, तब विकासका सबै योजनाहरू कागजमै सीमित हुने खतरा हुन्छ । आज धेरै नेपालीहरू परिवर्तनको वाचा सुन्ने मात्र होइन, त्यसको परिणाम देख्न चाहन्छन् । उनीहरूलाई स्थायित्व, पारदर्शिता र न्याय चाहिएको छ । यही सन्दर्भमा, वर्तमान नेतृत्वसँग एउटा ऐतिहासिक अवसर पनि छ। लोकप्रिय हुनु एउटा ठूलो पुँजी हो, तर त्यो पुँजीलाई परिणाममा रूपान्तरण गर्न सकिएन भने, त्यो क्षणिक लोकप्रियतामा मात्र सीमित हुन्छ । इतिहासले भाइरल निर्णयलाई होइन, परिवर्तन ल्याउने नीतिगत साहसलाई सम्झन्छ ।

प्रधानमन्त्रीज्यू, तपाईंसँग अहिले शक्ति छ, अवसर छ, र जनताको अपेक्षा पनि तर कृपया लोकप्रियताको मोहमा नअल्झिनुहोस् । देशको अवस्था संवेदनशील छः अर्थतन्त्र दबाबमा छ, युवापुस्ता निराश छ, संस्थागत संरचनाहरू अझै कमजोर छन्, र अन्तर्राष्ट्रिय साख चुनौतीपूर्ण अवस्थामा छ । यस्तो बेलामा तपाईंले लिनुपर्ने निर्णयहरू लोकप्रिय होइन, सही हुनुपर्छ; तुरुन्त ताली पाउने होइन, दीर्घकालीन परिणाम दिने हुनुपर्छ । कानुनी शासनलाई सुदृढ पार्नुस्, लगानीको वातावरण स्थिर बनाउनुहोस् र गरिब तथा सीमान्तकृत वर्गको जीवनमा वास्तविक परिवर्तन ल्याउने नीतिहरू अघि सार्नुस् । अर्को महत्त्वपूर्ण पक्ष काठमाडौं केन्द्रित दृष्टिकोणबाट बाहिर निस्कनु आवश्यक छ । सिंहदरबारको निर्णय डोल्पा, हुम्ला, बाजुरा, ताप्लेजुङ र मधेशका गाउँसम्म पुग्न सकेन भने विकास अधुरो रहन्छ । राजधानीमा देखिने सानो सुधारले देशको समग्र चित्र बदल्दैन । देश केवल काठमाडौं होइन, काठमाडौंबाहिर पनि नेपाल छ, जहाँ अझै आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, सडक पहुँच र रोजगारीका अवसरहरूको अभाव छ । यदि नेतृत्वले राजधानीको लोकप्रियतामा सीमित भएर काम गऱ्यो भने त्यो वास्तविक राष्ट्रिय नेतृत्व हुन सक्दैन । तपाईं गाउँ-गाउँ पुग्नुस्, जनताको वास्तविक समस्या सुन्नुस् र नीतिहरूलाई त्यहीअनुसार परिमार्जन गर्नुस्, अनि मात्र देशको समग्र रूपान्तरण सम्भव हुन्छ ।

नेपाल अहिले अन्तर्राष्ट्रिय रूपमा ' ग्रे-लिस्ट'मा परेको अवस्थाले थप गम्भीर चुनौती सामना गरिरहेको छ । यो केवल प्राविधिक सूची होइन, यो देशको वित्तीय प्रणाली, पारदर्शिता र सुशासनप्रतिको अन्तर्राष्ट्रिय विश्वासँग प्रत्यक्ष जोडिएको विषय हो ।

ग्रे-लिस्टमा पर्नु भनेको वैदेशिक लगानीकर्ताको विश्वास कमजोर हुनु, बैंकिङ प्रणालीमाथि निगरानी बढ्नु र अन्तर्राष्ट्रिय कारोबारमा जटिलता बढ्नु हो । यसको प्रत्यक्ष असर देशको आर्थिक वृद्धि, रोजगारी सिर्जना र समग्र विकास प्रक्रियामा पर्छ। यस्तो अवस्थामा नेपालले वित्तीय अनुशासन, भ्रष्टाचार नियन्त्रण र कानुनी सुधारलाई अझ कडाइका साथ अघि बढाउनुपर्ने आवश्यकता छ । तर, लोकप्रियताकेन्द्रित निर्णयले यस्ता गम्भीर संरचनात्मक सुधारलाई पछाडि धकेल्ने जोखिम बढाउँछ । यदि समयमै सुधार गरिएन भने ग्रे-लिस्टबाट बाहिर निस्कन अझ कठिन हुनेछ, जसको दीर्घकालीन मूल्य सिंगो देशले चुकाउनुपर्नेछ।

अन्ततः हामी तपाईंलाई एउटा पुस्ताको तर्फबाट स्पष्ट र इमानदार सुझाव दिन चाहन्छौं । हामी त्यो जेनेरेसन 'जी' हौँ, जसले नारामा विश्वास गरेर हुर्किर्यौं, तर अहिले परिणामको खोजीमा छौं । हामीलाई भाषण होइन, भरोसा चाहिएको छ; लोकप्रिय निर्णय होइन, न्यायपूर्ण र स्थायी समाधान चाहिएको छ । कृपया, राज्यलाई प्रदर्शनको माध्यम नबनाउनुहोस् । सेवाको माध्यम बनाउनुहोस् । कानुनी शासनलाई मजबुत बनाउनुहोस्, ताकि कुनै नागरिक अन्यायको डरमा नबाँचोस् । लगानी र रोजगारी सिर्जना गर्ने वातावरण बनाउनुहोस्, ताकि युवाहरूले आफ्नो भविष्य विदेशमा होइन, आफ्नै देशमा देख्न सकून् । सुकुम्बासी, गरिब र सीमान्तकृत समुदायको पीडालाई तथ्यांकमा होइन, नीतिमा सम्बोधन गर्नुस् । हामी तपाईंलाई लोकप्रिय होइन, सफल देख्न चाहन्छौं । कृपया 'भाइरल' भन्दा 'परिणाम' रोज्नुहोस् । इतिहासले तपाईंको लोकप्रियता होइन, तपाईंको काम सम्झिनेछ । यदि तपाईंले सही प्राथमिकता निर्धारण गर्नुभयो भने, हामीजस्तै हजारौँ युवाले फेरि देशमै भविष्य देख्नेछन् । अनि त्यो दिन नेपाल साँच्चै हाँसेको देखिनेछ ।

प्रधानमन्त्रीज्यू, तपाईंले साँच्चै नेपाल हाँसेको देख्न चाहनुहुन्छ भने गरिबको सेवक बन्नुहोस्, सत्ताको प्रदर्शनकर्ता होइन। लोकप्रियताको क्षणिक तालीभन्दा परिणामको स्थायी सम्मान रोज्नुहोस् ।

च्यामा गाउँ 'नमुना थारू गाउँ' घोषणा

❐ काँक्रेविहार संवाददाता

बाँके, ७ जेठ

जिल्लाको बैजनाथ गाउँपालिका एक स्थित च्यामा गाउँलाई औपचारिक रूपमा 'नमुना थारु गाउँ' घोषणा गरिएको छ।

थारु समुदायको मौलिक भाषा, संस्कृति, परम्परा र जीवनशैलीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित गाउँलाई बुधबार नमुना थारु गाउँ घोषणा गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीका अनुसार आवश्यक मापदण्ड पूरा गरेपछि च्यामा गाउँलाई नमुना थारु गाउँ घोषणा गरिएको हो । उनले थारु समुदायको मौलिक पहिचान जोगाउँदै पर्यटन विकास, रोजगारी सिर्जना र आर्थिक समृद्धिमा टेवा पुऱ्याउने लक्ष्य रहेको बताए ।



उनले आधुनिकताको प्रभावका कारण लोप हुँदै गएका भाषा, भेषभूषा, संस्कार र परम्परागत जीवनशैलीको संरक्षणमा यो अवधारणाले महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै गाउँपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए ।

उपाध्यक्ष निर्मला रोकायाले थारु समुदायको संस्कृति र वातावरण संरक्षणसँगै आयआर्जनका अवसर विस्तार गर्न पनि यो कार्यक्रम उपयोगी हुने बताए ।

नमुना थारु गाउँ घोषणा समितिका अध्यक्ष मेघराज थारुका अनुसार अब गाउँलाई सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ ।

थारु समुदायका परम्परागत घर, खानपान, नृत्य, कला र संस्कृतिलाई व्यवस्थित रूपमा संरक्षण गरिने उनले बताए । गाउँलाई पर्यटनसँग जोड्दै स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने, घरेलु उत्पादन प्रवर्द्धन गर्ने र युवालाई गाउँमै अवसर उपलब्ध गराउने लक्ष्य लिइएको छ ।

बड्डीचौर...

क्षमतामा सञ्चालन गर्न नसकिएको उनको भनाइ छ । रावतले ढिलोमा आगामी वैशाख-जेठसम्म आयोजना सम्पन्न गर्ने दाबी गरे । हालसम्म खम्बागाडेतर्फ करिब दुई किलोमिटर सडक ग्राभेल स्तरमा सम्पन्न भएको छ भने बड्डीचौरतर्फ चार किलोमिटर क्षेत्रमा नाला तथा ग्राभेलको काम सकिएको छ । बाँकी सात किलोमिटर क्षेत्रमा भने ठाउँ-ठाउँमा आंशिक नाला तथा ग्राभेलको काम मात्रै भएको अवस्था छ । निर्देशनालयले निर्माण व्यवसायीले पेश गरेको कार्यतालिकाअनुसार काम गर्न नसकेको स्वीकार गरेको छ । आयोजना प्रमुख शाहीका अनुसार निर्माण कम्पनीलाई पटक-पटक निर्देशन दिइएको छ भने नियमित रूपमा फिल्ड अनुगमनसमेत भइरहेको छ । अब मनसुन सुरु हुन लागेकाले कम्तीमा ग्राभेल स्तरसम्म सडक तयार गरी सवारी आवागमन सहज बनाउने लक्ष्य राखेका छौं, उनले भने, निर्माण कम्पनीलाई आवश्यक सबै सहजीकरण गरिएको छ ।

काममा निरन्तर ढिलाइ भएपछि निर्देशनालयले विभिन्न पत्रपत्रिकामार्फत सार्वजनिक सूचना जारी गर्दै निर्माण व्यवसायीलाई सचेतसमेत गराएको थियो । तर त्यसपछि पनि अपेक्षित गतिमा काम अघि बढ्न नसकेको जनाइएको छ ।

यसैबीच आयोजनाको अवस्थाबारे छलफल गर्न पूर्वाधार विकास निर्देशनालयको आयोजनामा विहीबार ब्यूरेनीमा स्थानीय तहका जनप्रतिनिधि, जिल्ला समन्वय समिति, जिल्ला स्थीत विभिन्न मिडियामा कार्यरत पत्रकारहरु, प्रशासन तथा सरोकारवालाको सहभागितामा छलफल सम्पन्न भएको छ छलफलमा सहभागी जनप्रतिनिधिहरूले मनसुनअघि सडकलाई कम्तीमा सञ्चालनयोग्य अवस्थामा पुऱ्याउन निर्माण कम्पनी र सरकारी निकाय दुवैले थप जिम्मेवारीका साथ काम गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरूले मनसुन सुरु भएपछि सडक हिलाम्मे र जोखिमपूर्ण बन्ने भएकाले तत्काल प्रभावकारी काम गर्न माग गरेका छन् ।

केन्द्र विवादले कर्मचारीलाई सास्ती

काँक्रेविहार संवाददाता
सुर्खेत, ७ जेठ



चिङ्गाड गाउँपालिकामा केन्द्र विवाद लम्बिँदै जाँदा त्यसको प्रत्यक्ष असर कर्मचारी र सेवा प्रवाहमा परेको छ।

गाउँपालिकाको कार्यालय एक स्थानमा सञ्चालन भइरहे पनि कर्मचारीले हाजिर गर्न अर्को स्थान पुगुपर्ने अवस्था सिर्जना भएपछि दैनिक कामकाज प्रभावित बन्न थालेको छ।

हाल गाउँपालिकाको सेवा प्रवाह वडा नं. पाँचको अवलचिडबाट भइरहेको छ। तर कर्मचारीले हाजिर गर्न भने वडा नं. दुईको राजीकुनास्थित गाउँपालिकाको सभा हल पुगुपर्ने बाध्यता छ। यसका लागि उनीहरूले हरेक दिन करिब छ किलोमिटर ओरालो यात्रा गरेर हाजिर गर्नुपर्ने र त्यसपछि पुनः उकालो चढेर कार्यालय फर्किनुपर्ने अवस्था रहेको छ। गाउँपालिकामा कार्यरत करिब ४५ जना कर्मचारीले दैनिक रूपमा यही समस्या झेलिरहेका छन्। काम गर्ने ठाउँ एकातिर र हाजिर गर्ने स्थान अर्कोतिर हुँदा समय, श्रम र कार्यक्षमतामा प्रत्यक्ष असर परेको कर्मचारीहरू बताउँछन्। स्वास्थ्य शाखा प्रमुख पवित्रा विश्वकर्माले हरेक बिहान पहिले राजीकुनामा पुगेर हाजिर गर्नुपर्ने र त्यसपछि अवलचिडस्थित कार्यालयमा आएर नियमित काम गर्नुपर्ने बताए। उनका अनुसार हाजिर गरेर फर्किन मात्रै आधा घण्टादेखि एक घण्टासम्म समय खर्च हुने गरेको छ। सवारीसाधन भएका कर्मचारीलाई केही सहज भए पनि साधन नहुने कर्मचारीले अरूसँग लिफ्ट मागेर आउजाउ गर्नुपर्ने बाध्यता रहेको उनले बताए। यो समस्या गाउँपालिका केन्द्रको विवादका कारण उत्पन्न भएको हो। चिङ्गाड गाउँपालिकामा छ वटा वडा रहेका छन्। पहिलो कार्यकालमै वडा नं. एक देखी चार र छ का जनप्रतिनिधिले गाउँसभाबाट वडा नं. दुईको ढाँडखेतलाई स्थायी केन्द्र बनाउने निर्णय गरेका थिए। तर वडा नं. पाँचले उक्त निर्णय स्वीकार नगरेपछि विवाद चर्किँदै गएको स्थानीय बताउँछन्।

स्थानीयका अनुसार केन्द्रसम्बन्धी विवाद सर्वोच्च अदालतसम्म पुगेको थियो। वडा नं. तिन मटेलाका महेश जिसीले पहिलो निर्णयपछि केन्द्र निर्माणका लागि ३५ लाख रुपैयाँ खर्च गरेर १२ रोपनी जग्गा खरिद गरिएको जानकारी दिए। उनका अनुसार राजीकुना सबै वडाबाट पहुँचयोग्य स्थानमा पर्ने, टाँटी बजार नजिक रहेको तथा बैंकलगायत सेवा उपलब्ध भएकाले केन्द्रका लागि उपयुक्त स्थान मानिएको थियो। तर वडा नं. पाँचको असहमतिपछि विवाद समाधान हुन सकेको छैन।

हाल वडा नं. दुईको राजीकुनामा गाउँपालिकाको सभा हल निर्माण भइसकेको छ। गाउँपालिका अध्यक्ष बोधविक्रम जिसीले आफू अहिले त्यहींबाट काम गरिरहेको बताए। स्थानीयका अनुसार अध्यक्ष जिसी अवलचिडस्थित हालको केन्द्रमा गएको करिब एक वर्षभन्दा बढी भइसकेको छ। अध्यक्ष जिसीका अनुसार छ वटा वडामध्ये पाँच वटाले राजीकुनालाई केन्द्र बनाउने सहमति जनाएका थिए। केन्द्र सार्ने तयारी भइरहेका बेला गत महिना वडा नं. पाँचका स्थानीयले अवरोध गरेपछि पुनः विवाद उत्पन्न भएको हो। विवाद चर्किएपछि अहिले अस्थायी रूपमा वडा नं. पाँचकै ढाँटखेतमा केन्द्र बनाउने सहमति भएको छ। तर प्रशासनिक संरचना र सभा हल राजीकुनामै रहेकाले कर्मचारीलाई दुई स्थानबीच आवतजावत गर्नुपर्ने बाध्यता कायम रहेको अध्यक्ष जिसीले बताए। यता वडा नं. पाँच अवलचिडका स्थानीय तथा राजनीतिकर्मी जितबहादुर रानाले विगतदेखि नै पालिका केन्द्र अवलचिडमै रहेकाले अन्यत्र सार्न नहुने धारणा राखे। उनले अस्पताल निर्माण हुने स्थानसम्म केन्द्र सार्ने विषयमा भने छलफल गर्न सकिने बताए।

लामो समयदेखि केन्द्र विवाद समाधान हुन नसक्दा गाउँपालिकाको प्रशासनिक कामकाजमा असहजता थपिएको छ भने कर्मचारी र सेवाग्राही दुवै प्रभावित भएका छन्। स्थानीयवासीले छिटो समाधान निकालेर स्थायी रूपमा केन्द्र निर्धारण गर्न सम्बन्धित पक्षसँग माग गरेका छन्।

मोटरबाटो पुगेपछि स्थानीय उत्साहित

काँक्रेविहार संवाददाता
सल्यान, ७ जेठ

विकट पोखरीडाँडा गाउँ पहिलो पटक सडक सञ्जालसँग जोडिएको छ। कडा चट्टान काटेर निर्माण गरिएको निगाल्चुला-टोट्के-पोखरीडाँडा सडक उद्घाटन भएसँगै स्थानीयवासीमा खुसी छाएको हो। छत्रेश्वरी गाउँपालिका चार अन्तर्गत करिब १६ लाख रुपैयाँ लागतमा तिन सय ५० मिटर मोटरबाटो निर्माण गरिएको गाउँपालिकाले जनाएको छ।

सडकको करिब दुई सय मिटर भाग कडा चट्टान छिचोलेर बनाइएको वडा प्राविधिक जनक घर्तीले जानकारी दिए। गाउँपालिकाकै एक्साभेटर प्रयोग गरी इन्धन व्यवस्थापनसहित सडक निर्माण गरिएको हो वर्षौंदेखि पैदल यात्रा गर्न बाध्य पोखरीडाँडावासीको घरआँगनमै पहिलो पटक सवारीसाधन पुगेपछि गाउँमा उत्साहको वातावरण बनेको छ। सडक पुगेपछि दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामीको आवतजावत तथा कृषिउपज बजारसम्म पुऱ्याउन सहज हुने स्थानीयको अपेक्षा छ।

वडाध्यक्ष छविलाल खत्रीका अनुसार भौगोलिक रूपमा अत्यन्त कठिन क्षेत्र भए पनि स्थानीयको आवश्यकता र दीर्घकालीन सुविधालाई ध्यानमा राखेर सडक निर्माण सम्पन्न गरिएको हो। १६ घरधुरी रहेको पोखरीडाँडाका अधिकांश नागरिक तरकारी खेतीमा निर्भर छन्। सडक विस्तारसँगै उत्पादन भएको तरकारी सहज रूपमा बजारसम्म पुऱ्याउन सकिने भएपछि स्थानीयमा थप उत्साह देखिएको छ। कार्यपालिका सदस्य तुलसा विकले सडक निर्माणसँगै गाउँको जीवनशैलीमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरे । उनका अनुसार अब बिरामीलाई अस्पताल लैजान, खाद्यान्न ढुवानी गर्न तथा कृषिउपज बिक्री गर्न धेरै सहज हुनेछ।

खानेपानी योजनाको सार्वजनिक परीक्षण



काँक्रेविहार संवाददाता
डोल्पा, ७ जेठ

त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत सञ्चालित फुल्चिङ खानेपानी तथा सरसफाइ योजनाको दोस्रो सार्वजनिक परीक्षण तथा स्थलगत अनुगमन कार्यक्रम सम्पन्न गरिएको छ।

योजना कार्यान्वयनलाई पारदर्शी, जवाफदेही र गुणस्तरीय बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा स्थानीय उपभोक्ता, जनप्रतिनिधि तथा सरोकारवालाबीच खुला छलफल र सवाल-जवाफ गरिएको थियो सहभागीहरूले योजना निर्माण प्रक्रिया, आर्थिक पारदर्शिता तथा श्रमदान व्यवस्थापनका विषयमा चासो व्यक्त गरेका थिए।

वास सल्लाहकार विष्णु बोहोराले समुदायमा योजनाप्रति स्पष्ट बुझाइ विकास गर्न सार्वजनिक परीक्षण आवश्यक रहेको बताए। उनले योजनाका सम्पूर्ण प्रक्रिया समुदायसमक्ष खुला राख्नु नै कार्यक्रमको मुख्य उद्देश्य भएको उल्लेख गरे।

नगर उपप्रमुख देवी घर्तीको नेतृत्वमा गरिएको स्थलगत अनुगमनका क्रममा संरचनाको मापन, निर्माणको गुणस्तर तथा कार्य प्रगतिबारे प्रत्यक्ष निरीक्षण गरिएको थियो। त्रिपुरासुन्दरी नगरपालिका वास संयोजक धनप्रसाद बुढाले योजनाको भौतिक तथा आर्थिक प्रगतिबारे जानकारी दिँदै निर्माणका क्रममा देखिएका समस्या, आगामी कार्ययोजना, खर्च विवरण तथा खरिद प्रक्रियाबारे सार्वजनिक सुनुवाइमार्फत जानकारी गराए। उनका अनुसार योजना प्रमुख सूचकका आधारमा मूल्यांकन गरिएको हो। सामाजिक विकास समिति संयोजक तथा वडा नं. तिनका अध्यक्ष भक्तबहादुर केसीले योजनाको दीर्घकालीन दिगोपनका लागि गुणस्तरमा विशेष ध्यान दिनुपर्ने बताए। उनले मापदण्डअनुसार पाइपलाइन निर्माण गर्न र गुणस्तरमा कमजोरी देखिए तत्काल सुधार गर्न निर्देशन दिए। निर्माण उपभोक्ता समितिका अध्यक्ष अनिश बुढाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा योजना निर्माणको समग्र प्रगति, चुनौती र आगामी कार्यदिशाबारे समीक्षा गरिएको थियो। कार्यक्रममा सहभागीहरूले नियमित अनुगमन, सार्वजनिक सुनुवाइ र गुणस्तर परीक्षणमार्फत मात्रै प्रभावकारी योजना कार्यान्वयन तथा सुशासन सुनिश्चित गर्न सकिने धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा लेखा अधिकृत पूर्ण चौलागाईं, सूचना अधिकृत किरण केसी, भौतिक पूर्वाधार विकास शाखाका इन्जिनियरलगायत विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो।

हप्तामा दुई दिन फोहोर उठाइने

काँक्रेविहार संवाददाता
हुम्ला, ७ जेठ



सदरमुकाम समेत रहेको सिमकोट गाउँपालिकाले बजार क्षेत्रको फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहोर उठाउने दिन थप गरेको छ।

पर्यटकीय सिजन सुरु भएसँगै बजार क्षेत्रमा फोहोरको मात्रा बढ्न थालेपछि दुर्गन्ध र सरसफाइ समस्यालाई नियन्त्रण गर्न हप्तामा एक दिन हुँदै आएको फोहोर संकलन अब हप्तामा दुई दिन गरिने भएको हो।

गाउँपालिकाका लेखा अधिकृत विशाल बोहराका अनुसार जेठ पाँच गते मङ्गलबारदेखि लागू हुने गरी अब सिमकोट बजारको फोहोर प्रत्येक मङ्गलबार र शुक्रबार उठाइनेछ।

यसअघि हप्तामा एक पटक मात्र फोहोर संकलन गरिँदै आएको थियो। मानसरोवर-कैलाश यात्रा गर्ने पर्यटकहरूको आगमन बढेसँगै सिमकोट बजारमा चहलपहल बढेको छ। तर सोही अनुपातमा फोहोरको मात्रा पनि वृद्धि भएपछि बजार क्षेत्र दुर्गन्धित बन्न थालेको स्थानीयले बताएका छन्। विशेषगरी पर्यटकको आगमन हुने समयमा बजार सफा र व्यवस्थित राख्नुपर्ने आवश्यकता महसुस गर्दै गाउँपालिकाले सेवा विस्तार गरेको हो।

गाउँपालिकाका अनुसार अब तोकिएका दुई दिनमा जति फोहोर जम्मा भए पनि ट्याक्टरमार्फत नियमित रूपमा संकलन गरी डम्पिङ साइटसम्म पुऱ्याइनेछ।

यसका लागि अस्पताल क्षेत्रदेखि विजय होटल हुँदै तीनधारासम्मको बजार क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

लेखा अधिकृत बोहराले बजारलाई सफा, स्वच्छ र पर्यटकमैत्री बनाउने उद्देश्यले फोहोर व्यवस्थापन प्रणाली सुधार गरिएको बताए। उनका अनुसार पर्यटकीय चाप बढ्दै जाँदा फोहोर व्यवस्थापनलाई समयमै नगर्दा वातावरणीय समस्या थप गम्भीर बन्न सक्ने भएकाले यस्तो निर्णय गरिएको हो। गाउँपालिकाले वार्षिक करिब पाँच लाख रुपैयाँ बजेट खर्च गरेर फोहोर व्यवस्थापनको काम गर्दै आएको छ। ट्याक्टर मार्फत नियमित रूपमा फोहोर उठाउने व्यवस्था लागू भएपछि बजारको सरसफाइमा उल्लेखनीय सुधार आएको स्थानीय व्यवसायी तथा बासिन्दाहरूको भनाइ छ। स्थानीयका अनुसार पहिले फोहोर लामो समयसम्म थुप्रिँदा बजार क्षेत्रमा दुर्गन्ध फैलिने र आवतजावतमा समेत असहज हुने अवस्था थियो। तर पछिल्लो समय नियमित संकलन सुरु भएपछि बजार क्षेत्र केही हदसम्म सफा र व्यवस्थित देखिन थालेको छ।

गाउँपालिकाले आगामी दिनमा फोहोर वर्गीकरण, डस्टबिन विस्तार र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना समेत अघि सारेको जनाएको छ।

पर्यटकको बढ्दो आगमनसँगै सिमकोटलाई स्वच्छ र आकर्षक बजारका रूपमा विकास गर्न स्थानीय सरकार लागिपरेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

एमालेका प्रस्तावित प्रदेश इञ्चार्ज- एक जनालाई तीन पददेखि कनिष्ठ केन्द्रीय सदस्यसम्म

काँक्रेविहार संवाददाता
काठमाडौं, ७ जेठ

नेकपाएमालेकोसचिवालय बैठकबाट अनुमोदनका लागि प्रस्तावित प्रदेश इञ्चार्जदेखि जिल्ला इञ्चार्जसम्म अध्यक्ष केपी शर्मा ओली इतरबाट कोही परेका छैनन् । एक प्रदेशमा सबभन्दा कनिष्ठ केन्द्रीय सदस्य र अर्को प्रदेशमा एकै व्यक्तिलाई तीन पदसम्म दिइएको छ ।

मंगलबार बसेको एमाले सचिवालय बैठकमा प्रस्तावित ती जिम्मेवारी शुक्रबार फेरि बस्ने बैठकबाट अनुमोदन गर्ने तयारी छ । एक पदाधिकारीबाट प्राप्त विवरणअनुसार सुदूरपश्चिम प्रदेशमा दामोदर भण्डारी इञ्चार्जमा प्रस्तावित छन् । त्यहाँ उनीभन्दा अरू थुप्रै वरिष्ठ केन्द्रीय सदस्य छन् ।

भण्डारी १० औं महाधिवेशनपछि केन्द्रीय सदस्य मनोनीत भएका हुन् । त्यहाँ पार्टी उपमहासचिव लेखराज भट्ट, आठौंका केन्द्रीय सदस्य गणेशसिंह ठगुन्ना, पोलिटब्युरो सदस्य भइसकेका कर्णबहादुर थापा, लालबहादुर थापाहरु प्रदेश इञ्चार्जका रूपमा छनौटमा भएनन् । भण्डारीसँगैका अन्य केन्द्रीय सदस्यले जिल्ला इञ्चार्ज पनि पाउन सकेका छैनन् ।कर्णाली प्रदेशको इञ्चार्जमा यामलाल कँडेल प्रस्तावित छन् । उनी मुख्यमन्त्री र पार्टीको केन्द्रीय सचिवसमेतको जिम्मेवारीमा छन् ।

उनीभन्दा अगाडिका प्रदेश इञ्चार्ज गोरख बोगटी थिए । एक नेताका अनुसार मान्छे नै नपाएर एकै व्यक्तिलाई तीन जिम्मेवारी बोकाइएको होइन । उक्त प्रदेशबाट नवौं महाधिवेशनमा वैकल्पिक केन्द्रीय सदस्य भएका राजबहादुर बुढा, सोही कार्यकालमा मनोनीत निरज आचार्य, विष्णु रिजालसहितका नेता छन् । कोशी प्रदेशको इञ्चार्जमा पुनः शेरधन राई प्रस्तावित छन् । उनी ११ औं महाधिवेशनबाट पार्टी केन्द्रीय कमिटीको सचिव निर्वाचित भएका थिए । प्रस्तावित कार्यविभाजनमा उनले दुई जिम्मेवारी पाएका छन् ।

कोशी प्रदेशका बहुसंख्यक केन्द्रीय सदस्यले मुख्यमन्त्रीसमेत रहेका सचिव हिक्मत कार्कीलाई इञ्चार्ज बनाउन अध्यक्ष ओलीसमक्ष सिफारिस गरेका थिए । त्यस्तो सिफारिस सुनेर ओलीले 'एउटालाई तीनवटा पद कसरी हुन्छ ?' भनेका थिए । तर, कर्णालीबाट मुख्यमन्त्री एवं पार्टी सचिव नै इञ्चार्ज प्रस्तावित छन् ।

अघिल्लो कार्यकालमा लुम्बिनी प्रदेशको इञ्चार्ज रहेकी पद्मा अर्याललाई यस पटक त्यस्तो जिम्मेवारी दिइएन । उनी प्रतिनिधिसभा सदस्य एवं पार्टीकी केन्द्रीय सचिव पनि हुन् । लुम्बिनीमा छविलाल विश्वकर्मालाई जिम्मेवारी दिइएको छ ।

उनी पनि 'एउटैलाई तीनवटा पद' भन्ने नाममा इञ्चार्ज प्रस्तावित नभएको एक पदाधिकारीले बताए ।

मधेश इञ्चार्जमा लीलानाथ श्रेष्ठ प्रस्तावित छन् । बागमतीमा महेश बस्नेत र उपत्यकामा डा. राजन भट्टराई इञ्चार्जमा प्रस्तावित छन् ।

गण्डकी प्रदेशको इञ्चार्ज प्रस्तावित खगराज अधिकारीबारे खासै प्रश्न उठेको छैन । उक्त प्रदेशका जिल्लामध्ये बाग्लुङमा मना केसी, पर्वतमा पदम गिरी, म्याग्दीमा हरिकृष्ण श्रेष्ठ, लमजुङमा जमिन्द्रमान घले, तनहुँमा भगवती न्यौपाने र स्याङ्जामा सीमा क्षेत्री जिल्ला इञ्चार्ज प्रस्तावित छन् ।

कास्की इञ्चार्जका दावेदार रश्मि आचार्यले अन्य जिम्मेवारी पाएका छन् ।

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अभिभावक र हेरचाहकर्ताका लागि
यस्तो समयमा आफ्ना भावना बुझौं

अनिश्चितता र अशान्ति हुँदा हिंसा, डर, आक्रोश र निराशा फैलिन्छ। यस्तो बेला अभिभावक आफैंलाई थाकेको र अलमलिएको महसुस हुन्छ । यस्तो अवस्थामा बालबालिकालाई कसरी सहयोग गर्ने भन्नेमा अनिश्चित हुनु सामान्य हो।

आफ्ना भावनासँग जुध्दै बालबालिकालाई सान्त्वना दिने काम सजिलो हुँदैन। सामान्य अवस्थामा पनि अभिभावकत्व चुनौतीपूर्ण छ, अनिश्चितता र अशान्तिको समयमा त झन् गाह्रो हुन्छ।

तपाईंलाई यस्तो महसुस हुनु स्वाभाविक हो। तपाईं एक्लो हुनुहुन्न। तपाईंलाई आवश्यक परेको खण्डमा सहयोग उपलब्ध छ।

सहयोग खोजौं

यदि तपाईंलाई वा तपाईंका बालबालिकालाई लगातार चिन्ता, पीडा वा असहज भावना आइरहेको छ भने कसैसँग कुरा गर्नुहोस्।

तपाईंले तल दिइएका नम्बरहरूमा कल गर्न सक्नुहुन्छ ।

१६६०-०१०-२००५ – टीपीओ मानसिक-समाजिक सहायता हेल्पलाइन (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म), एनटिसी नेटवर्कका लागि निःशुल्क

१०९८ – बाल सहायता हेल्पलाइन (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म)

९८५१३५२१४२ – ड्युटीमा रहेका चिकित्सक, कान्ती बाल अस्पताल (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म)

९७६५३५५४०० – कान्ती बाल अस्पताल रिसेप्शन (बिहान १० बजे देखि दिउँसो २ बजे सम्म)

यसबाट अभिभावक वा हेरचाहकर्ताले आफ्ना बालबालिकालाई कसरी सहयोग गर्ने भनेर सल्लाह र समर्थन पाउन सक्नुहुन्छ।

डुङ्गेश्वर गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइजस्ता व्यक्तिगत घटना वडा कार्यालयमा गई ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं । हाम्रा सांस्कृतिक पर्वहरुको जर्गेना गरौं ।
- लैङ्गिक हिंसारहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सबै सहभागी बनौं ।
- ज्येष्ठ नागरिकको सम्मान गरौं । सभ्यताको परिचय दिऔं ।
- बालबालिकालाई उचित माया, ममता र सम्मान गरौं, बालश्रमको अन्त्य गरौं ।
- सार्वजनिक जग्गाहरु जस्तैः बाटो, मठमन्दिर, ढल, नाला, चौक, पोखरी अतिक्रमण गरी घर, कम्पाउण्ड र टहरा निर्माण नगरौं ।
- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ त्यसैले डेंगीबाट बच्च लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं, घर कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं, पानी राखेको भाँडालाई छोपेर राखौं ।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)